# डिजिटल ड्रिमर्स यन्त्र प्रयोगकर्ता सम्झौता SY24-25

DeKalb County School District ले किन्डरगार्टेनदेखि ग्रेड 12 का विद्यार्थीहरूलाई शैक्षिक वर्ष (SY 2024-2025) का दौडान चलाउनका लागि एउटा क्रोमबुक (Chromebook) दिने छ। Chromebooks DCSD (DeKalb County School District) को सम्पत्ति रहन्छ र डिस्ट्रिक्टबाट निस्किँदा र/वा वर्षको अन्त्यको सङ्कलन प्रक्रियामा फिर्ता गर्नुपर्दछ।

आमाबुवा र विद्यार्थीहरूले पढ्न, हस्ताक्षर गर्न र यस कागजातको साथसाथै विद्यालयमा कक्षाकोठा तथा स्कूल डिस्ट्रिक्टको व्यवहार र प्रविधिको प्रयोगसँग सम्बन्धित नीति र कार्यविधिहरूमा रहेका निर्देशिकाहरू पालना गर्न आवश्यक हुन्छ।

सम्पर्क व्यक्ति: तपाईंसँग कुनै पनि प्रश्न वा सरोकार भएमा कृपया आफ्नो स्कूल प्रशासनलाई सम्पर्क गर्नुहोस्।

**Chromebook सम्झौता**

**यन्त्र प्राप्त गर्ने**

यन्त्र जारी गर्नुअघि नै आमाबुवा र विद्यार्थीहरूले यस सम्झौतामा हस्ताक्षर गरी फिर्ता पठाउनुपर्छ।

**यन्त्र फिर्ता गर्ने**

विद्यालय वर्षको अन्त्यमा यन्त्रहरू विद्यालयमा फिर्ता गरिने छ। DCSD द्वारा उपलब्ध गराइएका यन्त्रहरूको प्रयोग कुनै पनि व्यक्तिलाई हस्तान्तरण गर्न मिल्दैन र विद्यार्थी जारी गर्ने विद्यालयमा भर्ना नभएको अवस्थामा समाप्त हुन्छ।

कुनै पनि कारणले विद्यार्थीलाई स्कूलबाट भर्ना स्थानान्तरण, फिर्ता, निष्कासित वा समाप्त गरियो भने आफ्नो यन्त्र सोही दिन फिर्ता/समाप्त गर्नुपर्छ।

यन्त्र फिर्ता गर्न असफल भएका कुनै पनि विद्यार्थीले यन्त्रको पूर्ण प्रतिस्थापन लागत र $ 457.65 सम्मको कुनै पनि सामानको रकम भुक्तानीको अधीनमा हुने छ।

**क्षतिपूर्ति र हराएको**

कुनै यन्त्र विद्यार्थीलाई प्रदान गरिएको समयमा जानाजान वा लापरवाहीका कारण बिग्रियो, हरायो वा चोरी भयो भने, विद्यार्थी तथा उहाँका आमाबुवा/अभिभावक यस कागजातमा उल्लेख गरिएका जरिवारनाहरू तिर्नका लागि जिम्मेवारी हुनु हुने छ।

**लापरवाही**

कुनै यन्त्र एउटै शैक्षिक वर्षमा धेरै पटक बिग्रिएको खण्डमा डिस्ट्रिक्टको प्रशासनले Chromebook को पूर्ण प्रतिस्थापन सहित $ 457.65 सम्मको कार्यको पाठ्यक्रम निर्धारण गर्ने छ।

**जिम्मेवार यन्त्र प्रयोग**

डिस्ट्रिक्ट-जारी गरिएका यन्त्रहरूको सबै प्रयोगकर्ताहरूले डिस्ट्रिक्टका नीति र सञ्चालन दिशानिर्देशहरू *IFBGA* मा उल्लिखित अपेक्षाहरू पालना गर्नुपर्दछ: *इन्टरप्राइज नेटवर्कको जिम्मेवारीपूर्ण प्रयोग, JD: विद्यार्थीको अनुशासन/विद्यार्थीको आचार संहिता* र *JS: विद्यार्थीको जरिवाना, शुल्क र रकमहरू*/ यी अपेक्षाहरूका पालना गर्न नसक्ने उपयुक्त विद्यार्थीलाई अनुशासनात्मक कारबाही हुन सक्ने छ। सबै डिस्ट्रिक्ट नीतिहरू www.dekalbschoolsga.org मा फेला पार्न सक्नुहुन्छ।

विद्यालय मैदान बन्द हुँदा, आमाबुवा/अभिभावकहरू विद्यार्थीको यन्त्रको प्रयोगमा निगरानी गर्नका लागि पूर्ण रूपमा जिम्मेवार हुनुहुन्छ। विद्यार्थीले कुनै पनि किसिमको अनुचित व्यवहार देखाउन वा कुनै पनि स्थानबाट कुनै पनि समयमा डिभाइस प्रयोग गरेर निषेधित सामग्रीहरू माथि पहुँच गर्न पाउने छैन । विद्यालयको मैदानमा होस् वा बाहिर, विद्यार्थीहरूले अनुपयुक्त गतिविधिहरूका लागि यन्त्र प्रयोग गरेमा उहाँहरूलाई अनुशासनात्मक र/वा कानुनी कारबाही गरिने छ।

## गोपनीयता

डिस्ट्रिक्टद्वारा जारी गरिएका यन्त्र DCSD को सम्पत्तिका रूपमा रहने छ। त्यसैले, यन्त्रमा गरिएका कुनै पनि कुरा गोपनीय हुँदैन। यसको मतलब DCSD को कर्मचारीले कुनै पनि समयमा कुनै डिस्ट्रिक्टद्वारा जारी गरिएका विद्युतीय यन्त्रको सामग्रीहरू जफत गर्न र खोज्न सक्छन्। हराएको वा चोरी भएको घटनामा, Chromebook लाई निष्क्रिय गरिने छ।

DeKalb County School District ले बालबालिका अनलाइन गोपनीयता संरक्षण ऐन (**COPPA**), बालबालिका इन्टरनेट संरक्षण ऐन (**CIPA**) र पारिवारिक शिक्षा अधिकार र गोपनीयता ऐन (**FERPA**) का सबै पक्षहरूलाई मान्यता दिन्छ।

DeKalb County School District ले विद्यार्थीको घरका नेटवर्क, उपकरणहरू वा इन्टरनेट जडानको निगरानी गर्दैन। डिस्ट्रिक्टले डिस्ट्रिक्टद्वारा जारी गरिएका यन्त्रहरूका प्रयोगमा निगरानी गर्छ। थप रूपमा, DCSD ले यन्त्र हराएको वा चोरीको घटनामा डिस्ट्रिक्टद्वारा जारी गरिएका यन्त्रहरूको स्थान ट्र्याक गर्दछ।

## एप्लिकेसनहरू

DeKalb County School District ले मुख्य एप्लिकेसनहरूको अनुसन्धान गरेको छ जसलाई प्रत्येक यन्त्रमा पूर्व-स्थापित गरिने छ। अध्ययनमा सहायता गर्न वर्षैभरी अतिरिक्त एप्लिकेसनहरू थप्न सकिने छ। DeKalb County School District एप्लिकेसनहरूको खरिद र स्थापनाका लागि जिम्मेवार हुने छ।

डिस्ट्रिक्टद्वारा जारी गरिएको यन्त्रबाट **<u>अधिकृत विद्यालयको अधिकारी बाहेक अन्य कसैले एप्लिकेसनहरू थप्न वा मेटाउन सक्दैन</u>**। "जेल ब्रेकिङ" र यन्त्रहरू ह्याकिङ गर्न अनुमति छैन।

## यन्त्र बिग्रिएको, हराएको वा चोरी भए जरिवाना लाग्छ

विद्यार्थीलाई हस्तान्तरण गरिएका समय अवधिमा कुनै पनि कारणले गर्दा यन्त्र र वा सामग्रीहरू हराएको वा चोरी भएका छन् भने, जानबुझेर होस् वा लापरवाहीका कारणले गर्दा होस्, विद्यार्थी र आमाबुवा/अभिभावक निम्नलिखित शुल्कहरूका लागि जिम्मेवार हुन्छन्:

**Chromebook/Chromebook यन्त्रहरूका लागि सहायक सामग्रीको प्रतिस्थापन**

| | |
|---|---|
| **हराएको/चोरी भएको/मर्मत गर्न नसकिने गरी बिग्रिएको** | • $ 457.65 |
| **बिग्रिएको- मर्मतयोग्य** | • बिग्रिएको यन्त्रहरू मर्मत एक विकल्प हो भने निर्धारण गर्न DCSD टोलीद्वारा मूल्याङ्कन गरिने छ। मर्मत गर्न नसकिने गरी बिग्रिएको रहेछ छ भने पूर्ण प्रतिस्थापन शुल्क आवश्यक हुने छ। माथि हेर्नुहोस्। |
| **सहायक सामग्रीहरू मात्र** | • Acer Spin 511, 311 र 712 Power Adapter $35.70<br>• Chromebook गम ड्रप केस $ 15.42 |

** यन्त्रहरूका लागि पूर्ण प्रतिस्थापन लागतमा यन्त्र, सबै सहायक सामग्री, सफ्टवेयर इलाइसेन्स र सेटअप समावेश छन्।*

**चोरी:**

विद्यार्थीलाई यन्त्र जारी गरिएका अवधिमा यो चोरी भयो भने, निम्नका लागि आमाबुवा/अभिभावकलाई जिम्मेवार ठहर गरिने छ:

- विद्यालय प्रशासनलाई सूचित गर्ने
- प्रहरीमा रिपोर्ट भर्ने
- पूर्ण प्रतिस्थापन शुल्क भुक्तान गर्ने

**विद्यालयबाट स्थानान्तरण/रद्द गरिँदा यन्त्र वा सहायक सामग्री फिर्ता गर्न असफल:**

कुनै विद्यार्थी डिस्ट्रिक्टबाट स्थानान्तरण वा फिर्ता गर्छ र यन्त्र तथा सहायक सामाग्रीहरू फिर्ता गर्न सकेनन् भने, Chromebook तथा गम ड्रप केसका लागि $ 457.65 सम्मको रकम (पूर्ण प्रतिस्थापन शुल्क) भुक्तानी गर्न जिम्मेवार हुने छ।

## आमाबुवाको अनुमति र खुलासा

यस सम्झौतामा हस्ताक्षर गरेर तपाईंले यस कागजातमा भएका मार्गनिर्देशनहरू पढ्नुभएको र बुझ्नुभएको सङ्केत गर्नुहुन्छ र तपाईंको विद्यार्थीलाई यन्त्र जारी गरिएको स्वीकार गर्नुहुन्छ। तपाईंले Chromebooks DCSD को सम्पत्ति रहन्छ र डिस्ट्रिक्टबाट फिर्ता हुँदा र/वा वर्षको अन्त्यमा सङ्कलन प्रक्रियामा फिर्ता गर्नुपर्छ भनी बुझ्नुहुन्छ। यन्त्र र सहायक सामग्रीहरू तपाईंको बच्चाको साथमा हुँदा बिग्रिएमा, हराएमा वा चोरी भएमा यसका लागि तपाईंको विद्यार्थी जिम्मेवारी हुन्छ भनी बुझ्नुहुन्छ र यस कागजातमा उल्लेख गरिएका जरिवाना शुल्कहरूमा सहमत हुनुहुन्छ।

तपाईं विद्यालयको मैदान बाहिर विद्यार्थीको यन्त्र प्रयोग र कुनै पनि वायरलेस नेटवर्कमार्फत पहुँच गरिने सामग्रीको निगरानी राख्ने जिम्मेवारी आफ्नो मात्र हो भन्ने कुरा बुझ्नुहुन्छ र यो गर्नका लागि सहमत हुनुहुन्छ। तपाईं विद्यालयको मैदान होस् वा बाहिर भएतापनि, विद्यार्थीले अनुचित तथा निषेधित गतिविधिहरूका लागि आफ्नो यन्त्र प्रयोग गरेमा उहाँलाई अनुशासनात्मक कारवाही गरिने छ भन्ने कुरा बुझ्नुहुन्छ।

तपाईं र तपाईंका विद्यार्थी DeKalb County School District हरूका दुरुपयोग, खराब, छेडछाड, ह्याकिङ वा बिगार्नेका कारण जानाजानी वा अनजान क्षतिका लागि जिम्मेवारी छैन भन्ने कुरामा सहमत हुनुहुन्छ। DeKalb County School District को इन्टरनेटको स्वीकार्य प्रयोग सम्झौताको अनुपालन नगर्ने कुनै पनि विद्यार्थी प्रयोगकर्तालाई स्थानीय स्कूल प्रशासनद्वारा लागू गरिएका अनुशासनात्मक मापनहरूको अधीनमा राखिनेछ । विद्यार्थीले गर्ने उल्लङ्घनहरूका कारण उचित अनुशासनात्मक कार्यवाही गरिनुका साथै उपलब्ध गराइएका पहुँच सुविधाहरू निलम्बन वा खारेज गर्न सकिनेछ ।

**आमाबाबु/अभिभावकको नाम**

**(कृपया पूरा नाम लेख्नुहोस्):** ________________________________

**आमाबाबु/अभिभावकको हस्ताक्षर:** ___________________________ **मिति:** ______________________

<u>**विद्यार्थी सम्झौता तथा हस्ताक्षर**</u>

1. म मेरो स्कूलले जारी गरेको डिभाइसको ख्याल राख्नेछु ।
   a. क्षति हुन नदिन कर्ड र केबलहरू ध्यान दिएर डिभाइसमा जोड्नुपर्छ ।
   b. उपकरणहरू कहिल्यै पनि अनलक गरिएका लकर, कार वा कुनै असुरक्षित क्षेत्रमा छोड्नु हुँदैन।
   c. Incident IQ - विद्यार्थीको हेल्पडेस्क पोर्टल मार्फत कुनै पनि सफ्टवेयर/हार्डवेयर समस्याहरू बारे रिपोर्ट गर्नुहोस् ।
   d. प्रयोगमा नहुँदा डिभाइसलाई सुरक्षित, तापक्रम नियन्त्रित वातावरणमा राख्नुहोस् ।
2. म स्कूलले मलाई दिएको डिभाइस कहिल्यै पनि अरूलाई सापटी दिने छैन ।
3. म खाना र पेय पदार्थलाई डिभाइसबाट टाढा राख्नेछु ।
4. म मेरो वा स्कूलबाट दिइएको कुनै पनि डिभाइसको पाटपूर्जा खोल्ने, प्रतिबन्धित वस्तुहरू खोल्ने वा ह्याक गर्नेछैन ।
5. म मेरो उपकरणमा कुनै पनि मर्मत गर्न प्रयास **गर्ने छैन**।
6. म मेरो स्कूलले मलाई जारी गरेको डिभाइसलाई उपलब्ध गराइएको केसमा राखेर यसको सुरक्षा गर्नेछु ।
7. म स्कूलले दिएको आफ्नो डिभाइसलाई चाहे स्कूलमा होस्, घरमा होस् वा कहीँ पनि होस्, उपयुक्त ढङ्गले र स्कूलले गरेको अपेक्षाहरू अनुसार प्रयोग गर्नेछु। यदि म मेरो डिभाइसको अनुचित रूपमा प्रयोग गर्छु भने, म स्कूलद्वारा गरिने अनुशासनात्मक कार्यवाहीहरूको भागीदार हुनेछु ।
8. म विद्यालयमा जारी गरिएका उपकरणमा सजावट (जस्तै स्टिकर, मार्कर, आदि) **राख्ने छैन**। म स्कूलले दिएको कुनै पनि डिभाइसमा भएको सिरियल नम्बरको स्टिकरलाई कोर्नेछैन ।
9. म मेरो विद्यालयमा जारी गरिएका उपकरण सूचनाविना कुनै पनि समयमा निरीक्षण र लेखापरीक्षणका अधीनमा छ भनी बुझ्छु। **मैले डिभाइसमा वा डिभाइसलाई गर्ने <u>कुनै पनि कुरा</u> गोप्य हुँदैन ।**
10. म शिक्षक वा मेरो स्कूलका ठूला व्यक्ति वा मेरा आमाबाबु/अभिभावक बाहेकका अन्य कसैलाई पनि आफ्नो पासवर्ड(हरू) दिने छैन ।
11. म बुझ्दछु कि क्रोमबुकहरू DCSD को सम्पत्ति रहन्छन् र डिस्ट्रिक्टबाट फिर्ता हुँदा र/वा शैक्षिक वर्षको अन्त्यमा सङ्कलन प्रक्रियामा फिर्ता गर्नुपर्छ।
12. म बुझ्दछु कि यदि मेरो डिभाइसमा क्षति हुन्छ वा यसलाई हराउँछु वा यो चोरी हुन्छ भने, म यस डिभाइसको प्रतिस्थापन शुल्क भुक्तान गर्न बाध्य हुन्छु ।

**म डिभाइस प्रयोगकर्ता सम्झौता र विद्यार्थी सम्झौतामा तय गरिएका नियमहरूमा सहमति जनाउँछु ।**

**विद्यार्थीको नाम (कृपया पूरा नाम लेख्नुहोस्):** ______________________________

**विद्यार्थीको हस्ताक्षर:** ________________________________________________ मिति: ____________